# कटहरी गाउँपालिका
## *Katahari Rural Municipality*
गाउँ कार्यपालिकाको कार्यालय
*Office of Rural Municipal Executive*
कटहरी, मोरङ / *Katahari, Morang*
Ph:-021-404100
*Province No. 1, Nepal*
प्रदेश नं. १, नेपाल

प.सं. *Ltr.No.* ०७६/७७
च.नं. *Ref.No.* १०८५

मितिः २०७६/०८/१६

विषयः <u>आयोजना उपलब्ध गराइदिने सम्वन्धमा</u>।

श्री वडा कार्यालय सबै,
कटहरी गाउँपालिका, मोरङ ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. PMEP/६४ मिति २०७६/७/२६ गतेको पत्रानुसार प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा सुचिकृत भएका वेरोजगार व्यक्तिहरुलाई १०० दिनको न्यूनतम रोजगारी प्रदान गर्नका लागि ताहाँ वडाबाट विकास निर्माणका आयोजनाहरुमा रोजगारी सिर्जना हुन सक्ने गरी देहाय बमोजिमको **<u>आयोजना संचालनका क्षेत्र</u> (कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,** २०७६ को दफा-५) पहिचन गरेर निम्न बमोजिमका **<u>आयोजना छनौट प्रक्रिया</u>** (दफा ६) पुरा गरी यो पत्र प्राप्त भएको मितिले ३ दिन भित्र ५ वटा आयोजनाहरु सिफारिस सहित पठाउन हुन अनुरोध छ । साथै मन्त्रालयको पत्र यसैसाथ संलग्न राखी पठाइएको छ ।

**कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६**
**परिच्छेद २, दफा ५**

**५.**आयोजन सञ्चालनका क्षेत्र : यस कार्यविधि अनुरुप सञ्चालन हुने आयोजना छनौट गर्दा देहायका क्षेत्रभित्र पर्ने आयोजना मात्र छनौट गर्नु पर्नेछ ।
क) सडक निर्माण तथा मर्मत सम्भार :-

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी , विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

प्रमुख प्रशासकिय अधिकृत

कटहरी गाउँपालिका
Katahari Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
कटहरी, मोरङ/Katahari, Morang
Ph:-021-404100
Province No. 1, Nepal
प्रदेश नं. १, नेपाल

प.सं. Ltr.No: ०७८/७९
च.नं. Ref.No. १०८४

ख) कृषि तथा सिंचाई :-

- सिंचाईका लागि कूलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मूल संरक्षण एव मर्मत सम्भार
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्नै भण्डार गृह, शीत भण्डार, हाट वजार र तरकारी तथा फलफूल संकलन तथा विक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

ग) ग्रामिणव खानेपानी :-

- खानेपानी आयोजनाहरुको निर्माण, पाईपलाईन विस्तार तथा मर्मत सम्भार

घ) स्वास्थय तथा सरसफाई :-

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहर व्यवस्थापनका पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भार

ङ) शिक्षा :-

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउड पर्खाल निर्माण तथा मर्मत सम्भार

च) वन तथा जलाधार :-

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

छ) पर्यटन :-

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटन क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण

प्रमुख प्रशासकिय अधिकृत

# कटहरी गाउँपालिका

## Katahari Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय

*Office of Rural Municipal Executive*

कटहरी, मोरङ / *Katahari, Morang*

Ph:-021-404100

*Province No. 1, Nepal*

प्रदेश नं. १, नेपाल


प.सं. *Ltr.No:* ०७८।७९

च.नं. *Ref.No.* १०८५

परिच्छेद ३, दफा ६

६.आयोजना छनौट

१. गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय सिमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लाभ दिने ।

२. उच्च तथा दिगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पूर्वाधार निर्माण हुने ।

३. बढी भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने ।

४. स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने । र

५. वातावरण संरक्षण र विपद् व्यवस्थापन गर्न योगदान पुऱ्याउने ।

..............................

(गणेश बहादुर कार्की)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत